# नेपाल धितोपत्र बोर्ड

## विशेष पत्रकार भेटघाट

अध्यक्षको कार्याभार सम्हालेपश्चात करीव डेढ महिनाको अन्तरालमा मुलुकको चौथो अगको रुपमा रहेका पत्रकारमित्रहरुसगको यो दोश्रो भेटघाट भएको स्मरण गराउदै स्वागत गर्न चाहन्छु ।

अध्यक्षसहित बोर्ड उच्च व्यवस्थापनले सर्वसाधारण लगानीकर्ताहरुको प्रतिनिधिमूलक सघ सस्था, नेपाल स्टक एक्सचेज (नेप्से), धितोपत्र व्यवसायीहरु तथा सिडिएससी लगायतका पूंजी बजारसग सम्वन्धित सरोकारवालाहरुसंग धितोपत्र बजारको सुधार तथा विकास सम्बन्धमा भएको छलफल तथा प्राप्त फिडव्याक र त्यसपश्चात हालै अध्यक्षसहित बोर्ड उच्च व्यवस्थापन टोलीबाट नेप्से, सीडिएस एण्ड क्लियरिङ्ग लि., केही धितोपत्र दलाल, मर्चेन्ट बैंकर तथा निक्षेप सदस्यहरुको कार्यालय र उनीहरुमार्फत् प्रदान भईरहेको कारोवार, कारोवार राफसाफ तथा फछ्यौंट तथा धितोपत्र व्यवसाय सेवा तथा काम कारवाहीहरुको सम्वन्धमा गरिएको अवलोकन भ्रमणको क्रममा देखिएका समस्याहरु एवं सेवाग्राहीहरुबाट प्राप्त गुनासाहरुको समेतको आधारमा धितोपत्र बजारमा तत्काल सुधार गर्न र बजारलाई पूर्ण आधुनिकीकरण गर्ने क्रम आरम्भ गरिएको छ । यही क्रममा निम्न कार्यहरु गरिएको छः

१. धितोपत्रको कारोवार प्रणाली २०६४ देखि स्वचालित भईसकेको तथा २०६६ मा धितोपत्रको केन्द्रीय निक्षेप तथा राफसाफ सेवाको लागि स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि मा अधिकाश सूचीकृत कम्पनीहरु अभौतिकीकरण भैसकेको तथा विद्युतीय नामसारी र राफसाफको लागि समेत पूर्ण सचालनका लागि आवश्यक व्यवस्था समेत भैसकेको परिप्रेक्ष्यमा २०७२ साल माघ एक गतेवाट खारेजी, कारोवार रोक्का, निलम्वन र मर्जरमा परेकावाहेकका सम्पूर्ण सूचीकृत कम्पनीहरुको धितापत्र कारोवारको पूर्ण स्वचालित सेवा (Full automation) अर्थात कारोवार, नामसारी र राफसाफको स्वचालित सचालन व्यवस्था गर्न गराउन नेप्से र सीडिएस एण्ड क्लियरिङ्ग लि लाइ विशेष निर्देशन दिइएको छ ।

**यसरी स्टक मार्केट पूर्णस्वचालित भएपश्चात T+3 को यर्थाथ कार्यान्वयन हुनेछ भने नेपालको स्टक मार्केट दक्षिण एसियाका अन्य देशसरह पूर्ण आधुनिकीकरणमा जानेछ ।**

२. माथि उल्लेख गरिएअनुसार माघ १ गतेवाट पूर्ण स्वचालित सेवा शुरु गर्नको लागि खारेजी, कारोवार रोक्का, निलम्वन र मर्जरमा परेकावाहेकका सम्पूर्ण सूचीकृत कम्पनीहरुको धितोपत्रहरु २०७२ पुसमसान्तसम्ममा अभौतिकीकरण (Demterialization-Dmat)गरी अभौतिकरुपमा कारोवार गर्न आवश्यक कार्य गर्न गराउन नेप्से र सीडिएस एण्ड क्लियरिङ्ग लि. लाई निर्देशन गरिएको छ भने अर्कोतर्फ यस्ता सूचीकृत कम्पनीहरुलाई आफ्नो धितोपत्रहरुको २०७२ पुसमसान्तसम्ममा सीडिएस एण्ड क्लियरिङ्ग लिमा अनिवार्यरुपमा अभौतिकीकरण (Dmat) गर्न/गराउन निर्देशनसमेत दिइएको छ । यसरी उक्त अवधिसम्म अभौतिकीकरण नगर्ने कम्पनीको शेयरको कारोवार २०७२ माघ १गतेवाट स्वत: रोकिने छ ।

३ ओपन आउट क्राइ प्रणाली (Open out cry system) बाट २०६४ सालमा स्वचालित कारोबार प्रणालीमा बजार व्यवस्थापन गर्ने क्रममा बजारको गहिराइ धितोपत्र दलाल व्यवसायीको तहमा मात्र उपलब्ध हुने गरेकोमा हाल लगानीकर्ताहरुबाट बजारको गहिराईमा पहुच हुनुपर्ने माग आइरहेको तथा प्रतिस्पर्धी मूल्य निर्धारणकालागि बजारको गहिराइ हेर्न धितोपत्र दलाल व्यवसायीलाई दिएजस्तै गरी सम्पूर्ण लगानीकर्ताहरुलाइ बजारको गहिराइ (Market Depth) तत्कालै हेर्न दिने व्यवस्था गर्न/ गराउन नेप्से र सीडिएस एण्ड क्लियरिङ्ग लिलाइ विशेष निर्देशन जारिगरिएको छ । यस व्यवस्थावाट लगानीकर्ताहरुमा लगानीगर्दा बजार गहिराई हेरेर लगानी गर्ने अधिकार स्थापित हुनेछ ।

४ महिला, अपांग,केटाकेटीसहितका साना लगानीकर्तालाई समेत समेट्ने गरी दलाल व्यवसायीको ट्रेडिङ्ग फ्लोरमा थप ट्रेडिङ्ग विण्डो यथासक्य छिटो उपलब्ध गराउने व्यवस्था गर्न/गराउन नेप्सेलाई निर्देशन दिइएको छ ।

५ कतिपय एकै सेयर रजिष्ट्रारले धेरै सूचिकृत कम्पनीहरुको सेयर रजिष्ट्रारको कार्य गरेको तर सो अनुसारको कार्यालय पुर्वाधार तथा जनशक्ती नहुदा सेवाग्राहीले समयमा नै सेवा प्राप्त गर्न नसकिरहेको स्थितिलाई दृष्टिगत गरी यस्तो सेवा प्रदान गर्ने सेयर रजिष्ट्रार गर्ने सस्थाहरु मर्चेण्ट बैकिंग कम्पनी तथा बैकहरुलाइं यो सेवालाइं चुस्त गर्न सतर्क गराइएको छ भने त्यस्तै डिम्याट सेवालाइं पनि व्यवस्थित र छिटोछरितो गर्नलाइं विशेष जोड दिइएको छ ।

६. काठमाडौ बाहिरका लगानीकर्ताहरुलाई समेत सेवा उपलब्ध गराउने उद्देश्यले धितोपत्र कारोबारको पूर्ण स्वचालित सेवा आरम्भ भएपश्चात यथाशीघ्र डिम्याट सेवासहित काठमाडौबाहिर पनि यस्तो पूर्ण स्वचालित सेवा विस्तार गर्न पनि निर्देशन गरिएको छ ।

७. नियम पालना अधिकृत (Compliance Officer) को व्यवस्थाको साथै धितोपत्रका लगानीकर्ताहरुको गुनासो सुन्ने इकाइको प्रबन्ध गरी २०७२ पौषभित्र बोर्डलाई जानकारी गराउने साथै आफूले प्रदान गर्ने सेवा र सेवा प्रदान गरिने अवधिसमेत उललेख गरी Display बोर्डमा राख्ने व्यवस्था गर्न/गराउन सम्वन्धित पक्षलाई निर्देशन गरिएको छ ।

(नेप्से, सिडिएस मर्चेण्ट बैंकर तथा दलाल व्यवसायी)

साथै देहायका विषय पनि तत्काल र संरचनात्मक दीर्घकालीन सुधारको क्रममा रहेका छन:

- लगानीकर्ता परिचय पत्र लागू गर्ने सम्वधमा ।
- धितोपत्रको कारोबार शुल्कलाइं समसामयिक एवं प्रतिस्पर्धी बनाउने ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली तथा निर्देशिकामा समसामयिक सुधार (स्वतन्त्र मूल्य निर्धारण व्यवस्था) ।
- डिम्याट र बैक खाताको आवद्धता र प्रदान गरिने सेवा ।
- दलाल व्यवसायीको व्याक अफिस प्रणालीमा एकरुपता, विश्वसनीय र अद्यावधिक स्तरीयता कायम गर्न ।
- धितोपत्रको सूचीकरण स्तरीय र बैज्ञानिक बनाउन ।
- कमोडिटी मोर्केटलाई कानूनीरुपमा नियमन गर्ने व्यवस्था गर्ने
- OTC (Over the counter) मार्केटमा प्रभावकारी ढंगले सञ्चालनमा ल्याउने ।
- हकप्रद सेयर खरिदका लागि सेयरधनीलाई प्राप्त हुने अधिकार (right share renounce) को कारोवारको शुरुआत गरी Derivative मार्केटको प्रारम्भ गर्ने ।
- कानूनी पक्षमा संरचनात्मक सुधार **जस्तो** कतिपय नियमावलीलाई ऐनमा परिणत गनु पर्ने - सिडिएस र सामूहिक लगानी कोषलाई सुदृढरुपमा व्यवस्थित गर्न ट्रष्ट ऐन तथा अन्य ऐनहरु ल्याउनु पर्ने ।
- मर्चेण्ट बैकर तथा दलाल व्यवसायीको गुणस्तर वृद्धि तथा मर्चेण्ट बैंकर कार्य क्षेत्र विस्तार गर्ने ।
- क्रेडिट रेटिङ्ग सेवालाइं प्रतिस्पर्धी र छिटो छरिटो गर्ने ।
- Internet Based कारोबार आरम्भ गर्न ।
- Trading automation software Upgradation/Replacement
- वास्तविक क्षेत्रका सगठित सस्थाहरुलाइं धितोपत्र बजारमा सहभागिता गराउने ।
- नेपालको सविधान २०७२ मा गैर आवासीय नेपालीहरुलाई नागरिकता दिने व्यवस्था गरेको साथै धितोपत्रको कारोबार पूर्ण स्वचालित हुने परिप्रेक्षमा गैर आवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश गराउने ।
- पूजीवजारको सुशासनमा सुधार ल्याउने ।
- नेप्से र सिडिएस एण्ड क्लियरिङ्ग लि.लाइ संरचनात्मक सुधार ।
- केन्द्रीय निक्षेप सेवामा Settlement Guarantee Fund को संचालन गर्ने ।
- Venture Capital/Private equity को व्यवस्था गर्ने इत्यादि ।

**धन्यवाद ।**

**मितिः मार्ग २०, २०७२**



sharesansar.com